विनयी त्रिवेणी गाउँपालिका
Binayi Tribeni Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
दुम्किबास, नवलपरासी (वर्दघाट-सुस्तापूर्व)
Dumkibas, Nawalparasi (East of BardaghatSusta)
फोननं.: ०७८-४१६१८५, ०७८-४१६१८२
E-mail: binayitribenigaupalika@gmail.com
E-mail: info@binayitribenimun.gov.np
website: www.binayitribenimun.gov.np
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.स.(Let. No.):२०८१/०८२
च.न.(Dis. No.): २३६०८

मिति २०८३/०१/१५

श्री जो जस संग सम्बन्धित छ ।

विषय : त्रैमासिक सूचना प्रकाशन गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा सूचनाको हक सम्वन्धि ऐन २०६४ को दफा ५ को उपदफा ३ तथा सूचनाको हक सम्वन्धि नियमावली २०६५ को दफा ३ वमोजिम यस विनयी त्रिवेणी गाउँकार्यपालिका अन्तर्गत २०८२/१०/०१ देखि २०८२/१२/३० सम्म यस कार्यालयवाट भएको त्रैमासिक गतिविधिको सूचना प्रकाशन गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

२०८३/०१/१५

निमित्त प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर ,काठमाण्डौ ।
श्री जिल्ला प्रशासन कार्यालय ,नवलपरासी (वर्दघाट सुस्ता पूर्व ) ।
श्री जिल्ला हुलाक कार्यालय ,नवलपरासी ( वर्दघाट सुस्ता पूर्व )।

**विनयी त्रिवेणी गाउँकार्यपालिकाको कार्यालय**

**नवलपरासी (बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल**

# सूचना अधिकारीको त्रैमासिक प्रतिवेदन (आ.व. २०८२/०८३ - तेस्रो त्रैमास: माघ १ देखि चैत्र मसान्त सम्म )

१. कानुनी आधार र प्रतिवेदनको उद्देश्य

यो प्रतिवेदन सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम तयार गरिएको हो। यस प्रतिवेदनको उद्देश्य गाउँपालिकाको संरचना, सेवा, कानुनी व्यवस्था, सूचना प्रकाशनको स्थिति, मागिएका सूचनाको फछ्र्यौट विवरण, तथा दोस्रो त्रैमास सम्मको वित्तीय र कार्यगत प्रगति सार्वजनिक गर्नु हो।

२. गाउँपालिकाको स्थापना र पृष्ठभूमि

नेपाल सरकारद्वारा गठित गाउँपालिका तथा नगरपालिका नाम, संख्या र सिमाना निर्धारण आयोगले मिति २०७३।१०।२२ मा पेश गरेको प्रतिवेदनका आधारमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३।११।२२ को निर्णय र त्यसपश्चात मिति २०७४।०२।०८ गतेको थप निर्णय अनुसार देशभरका गाउँपालिका तथा नगरपालिकाको संख्या, सिमाना र संरचनामा हेरफेर तथा स्तरोन्नति गरिएर हाल नेपालमा ७५३ वटा स्थानीय तह (गाउँपालिका र नगरपालिका) कायम गरिएको छ।

नेपालको संविधान, २०७२ अनुसार साविकको नवलपरासी जिल्ला दुई भागमा विभाजन भई नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) नामकरणसहित छुट्टाछुट्टै जिल्लाको रूपमा २०७४।०७।१९ गतेदेखि सञ्चालनमा आएको हो।

गण्डकी प्रदेशअन्तर्गत रहेको विनयी त्रिवेणी गाउँपालिका नवलपरासी (ब.सु.पू.) जिल्लामा अवस्थित छ, र यो गाउँपालिका भारतको विहार राज्यसँग सिमाना जोडिएको गण्डकी प्रदेशको एकमात्र गाउँपालिका हो। नेपाल सरकारको मिति २०७३।११।२७ को निर्णयअनुसार साविकका दुम्किबास, वेनिमणिपुर, धुर्कोट, राकाचुली र त्रिवेणी सुस्ता गाविसहरूलाई एकीकृत गरी हालको विनयी त्रिवेणी गाउँपालिकाको गठन गरिएको हो।

२०८२।०१।१५

निमित्त प्रमुख प्रशासकीय अधिकृत

हाल यस गाउँपालिकामा ७ (सात) वटा वडा रहेका छन्, जसले प्रशासनिक, सामाजिक र आर्थिक रूपमा गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाइरहेका छन्।

३. भौगोलिक र जनसांख्यिक विवरण

| विवरण | तथ्यांक |
| --- | --- |
| वडा संख्या | ७ वटा |
| क्षेत्रफल | २८८.०६ वर्ग कि.मी. |
| कुल जनसंख्या | ३९,२०१ जना |
| महिला | २०,५३७ जना |
| पुरुष | १८,६६४ जना |
| साक्षरता दर | ७५.२% |
| सिमाना | पूर्व-मध्यविन्दु नगरपालिका, पश्चिम-वर्दघाट नगरपालिका, उत्तर-निस्दी गाउँपालिका (पाल्पा), दक्षिण-भारत (विहार राज्य) |

४. गाउँपालिकाको प्रशासनिक संरचना

गाउँपालिका अध्यक्ष – श्री घनश्याम गिरी

उपाध्यक्ष – श्रीमती भगवती वैदवार क्षेत्रि

प्रमुख प्रशासकीय अधिकृत – श्री सुमन पण्डित

सूचना अधिकारी – श्री भूपराज पाण्डेय

५. गाउँपालिकावाट प्रदान गरिने प्रमुख सेवाहरु

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकावाट प्रशासनिक, सामाजिक, आर्थिक, पूर्वाधार, कृषि, स्वास्थ्य, शिक्षा, र वातावरणीय सेवाहरू प्रदान गरिन्छ।

२०८२।०९।१५

निमित्त प्रमुख प्रशासकीय अधिकृत

CamScanner

६. स्वीकृत ऐन, नियमावली र कार्यविधिहरू

गाउँपालिकाले २०७४ देखि २०८२ सम्म विभिन्न ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरू स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

- विनयी गाउँपालिका सार्वजनिक खरिद नियमावली २०८०
- सवारी साधन ईन्धन र मर्मत सुविधा सम्वन्धी मापदण्ड, २०८१
- विनयी त्रिवेणी गाउँपालिका स्थानीय हाट बजार व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१
- विनयी त्रिवेणी गाउँपालिका युवा तथा खेलकुद विकास ऐन,२०८०
- श्रोत अनुमान तथा वजेट सीमा निर्धारण सम्बन्धी कार्यविधि, 2081
- विनयी त्रिवेणी गाउँपालिकाको राजस्व परामर्श समिति कार्यसञ्चालन कार्यविधि, २०८१
- विनयी त्रिवेणी गाउँपालिकाको लिलाम सम्बन्धी कार्यविधि, २०८१
- विनयी त्रिवेणी गाउँपालिकाको स्थानीय वन ऐन, २०८०
- विनयी त्रिवेणी गाउँपालिका कर्मचारी आचारसंहिता, २०८१
- विनयी त्रिवेणी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि, २०८१
- विनयी त्रिबेणी गाउँपालिकाको व्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०८१
- विनयी त्रिवेणी गाउँपालिकाको आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०८१
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८१
- विनयी त्रिवेणी गाउँपालिकाको जनप्रतिनिधिहरुको आचारसंहिता, २०८१
- विनयी त्रिवेणी गाउँपालिकाको जलश्रोत उपयोग तथा व्यवस्थापन कार्यविधि, २०८१
- विनयी त्रिवेणी गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८१
- विनयी त्रिवेणी गाउँपालिकाको वन्यजन्तु प्रभावित समुदायका लागि जीविकोपार्जन सुधार समूह परिचालन कार्यविधि,२०८१
- मेला महोत्सव प्रर्दशनी व्यवस्थापन (संचालन)कार्यविधि,२०८१

२०८२/०९/१४

निमित्त प्रमुख प्रशासकीय अधिकृत

- विनयी त्रिवेणी गाउँपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७९
- विनयी त्रिवेणि गाउपालिकाको नदिजन्य पदार्थ व्यवस्थापनमा मेशिनरी उपकरण प्रयोग सम्वन्धी कार्यविधि।
- विनयी त्रिवेणी गाउपालिका कृषि प्रवर्धन ऐन,२०७४
- विनयी त्रिवेणी गाउपालिकबाट गरिने बजार अनुगमन निर्देशिका
- विनयी त्रिवेणी गाउपालिका सहकारी एन , २०७४
- एफ एम रेडियो संचालन तथा व्यवस्यापन कार्यविधि , २०७४
- विनयी त्रिवेणी गाउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्न ) एन २०७४
- न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि सम्वन्धमा व्यावस्थापन गर्न बनेको एन , २०७४
- आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधयक ,२०७४
- विषयगत समिति कार्यसंचालन कार्यविधि,२०८१
- विनयी त्रिवेणी गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता सम्वन्धमा व्यवस्था गर्नबनेको ऐन, २०८१

७. सूचना अधिकारी र प्रमुख प्रशासकीय अधिकृत

सूचना अधिकारी: श्री भूपराज पाण्डेय (अधिकृत सातौं)

प्रमुख प्रशासकीय अधिकृत: श्री सुमन पण्डित

८. सार्वजनिक निकायको वेवसाइट र सामाजिक सञ्जाल

Website: www.binayitribenimun.gov.np

Facebook Page: विनयी त्रिवेणी गाउँपालिका

Email: binayitribenigaupalika@gmail.com

निमित्त प्रमुख प्रशासकीय अधिकृत

९. सूचनाको माग तथा फछ्र्यौट विवरण

| क्र.स. | सुचना माग गर्ने ब्यक्ति | माग गरेको मिति | बिषय | फर्छौट मिति |
|---|---|---|---|---|
| १ | कुशल पौडेल | २०८२/१०/०३ | शिक्षा सम्बन्धि | २०८२/११०८ |

१०. वित्तीय प्रगति विवरण

| | |
|---|---|
| कुल स्वीकृत बजेट | ८४,१२,१०,०००/- |
| हालसम्मको निकासा | ६१,२१,०७,५९६/१२ |
| हालसम्मको खर्च | ३८,२१,४२,९४७/३० |
| जारी पेश्की | ५०,५९,११,४६६/३१ |
| पेश्की बाँकी | ४,३८,२६,४१३/६१ |
| बाँकी बजेट | ४५,९०,६७,०५२/७० |
| कैफियत | ४५.४२ प्रतिशत खर्च भएको |

११. निष्कर्ष

विनयी त्रिवेणी गाउँपालिकाले सुशासन, पारदर्शिता र जवाफदेहीताको सिद्धान्तअनुसार सूचनाको हक ऐनको कार्यान्वयन गर्दै आएको छ। सबै सूचना माग समयमै फछ्र्यौट गरिएको छ र वेबसाइट तथा सूचना पाटीमार्फत नियमित प्रकाशन गरिएको छ।

२०८२/०१/१५

निमित्त प्रमुख प्रशासकीय अधिकृत